निर्णय नं.१ : प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा यस अगाडीको बैठकमा गरिएका निर्णयहरु बारे समिक्षा गरियो र कार्यान्वयनमा आएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र गर्न बाँकी निर्णयहरुलाई कार्यान्वयनको प्रकृयामा अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं २ : प्रस्ताव नं.२ माथि छलफल गर्दा तिनाउ गाउँपालिकाको आर्थिक बर्ष २०८१।०८२ को बार्षिक समिक्षा मिति २०८२।०४।१५ गते गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं ३ : प्रस्ताव नं.३ माथि छलफल गर्दा तिनाउ गाउँपालिकामा अवस्थित भूमिहिन दलित तथा भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान गर्न जिल्ला स्थित भूमि आयोगबाट तथ्यांक संकलन भइ अभिलेखीकरणको अन्तिम चरणमा पुगेकोले कागजात नपुगेको लाभग्राहीको हकमा कागजात पूरा गर्न सम्बन्धित वडा कार्यालय मार्फत जानकारी गराइ कागजात पूर्ण बनाइ निस्सा वितरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं ४ : प्रस्ताव नं.४ माथि छलफल गर्दा तिनाउ गाउँपालिकाको चालू आर्थिक बर्ष २०८२।०८३ को स्विकृत बार्षिक विकास कार्यक्रम प्रभावकारी कार्यान्वयन गर्ने सन्दर्भमा संघीय तथा प्रदेश सरकारबाट हस्तान्तरित समपूरक,बिशेष तथा सर्शत तर्फका कार्यक्रम ठेक्का प्रकृया मार्फत अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो । साथै वडाबाट विनियोजित योजनाको हकमा वडा कार्यालयबाट माग गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं ५ : प्रस्ताव नं.५ माथि छलफल गर्दा तिनाउ गाउँपालिकामा सञ्चालन गर्ने लेन्थमेन/लेन्थवर्कस को प्रभावकारी परिचालन तथा व्यवस्थापन गर्ने प्रयोजनार्थ तिनाउ गाउँपालिकाको सडक मर्मतकर्ता(लेन्थमेन/लेन्थवर्कस) सञ्चालन तथा व्यवस्थापन कार्यविधी,२०८२ स्विकृत गर्ने निर्णय गरियो ।
साथै झोलुंगे पुल हेरालुको हकमा समेत वडा कार्यालयबाट माग निवेदन साथ सिफारिस पत्र माग गरि कार्यान्वयन प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं ६ : प्रस्तावन नं.६ माथि छलफल गर्दा देहायबमोजिमको निर्णयहरु गरियो ।

क. तिनाउ गाउँपालिकाको बार्षिक विकास कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न वडा कार्यालयमा दरबन्दी भएका कृषि,पशु लगायतका कर्मचारीहरुको खटनपठन दरबन्दी अनुरुप वडा कार्यालयमा गरि कामकाजमा खटाउने निर्णय गरियो ।

ख. तिनाउ गाउँपालिकाको सडक मर्मतकर्ता (लेन्थवर्कर्स/लेन्थमेन) सञ्चालन तथा ब्यबस्थापन सम्बन्धी कार्यविधि,२०८२ को दफा ४ को उपदफा (२) बमोजिमको समितिमा कार्यपालिकाले तोक्ने १ जना महिला सहित २ जना सदस्यमा देहायबमोजिमा व्याक्तीहरुलाई तोक्ने निर्णय गरियो।

१. श्री भुवन सिं चिदि
२. श्री कुमारी सुनार

ग. तिनाउ गाउँपालिकामा अन्तर्गत सञ्चालित लिफ्टिङ खानेपानी आयोजनाहरुलाई विद्युत महसुलमा सहजीकरण गर्ने उद्देश्यका साथ उक्त खानेपानी आयोजनाहरुको विद्युत महसुलमा ५०% अनुदान सहायता प्रदान गर्ने निर्णय गरियो।

घ. तिनाउ गाउँपालिकामा कार्यरत कर्मचारीहरुमध्ये विभिन्न संघिय निकायबाट लागत साझेदारी हुने गरि यस कार्यालयमा कार्यरत कर्मचारीहरुको पारिश्रमिक गाउँपालिकाको तर्फबाट बेहोर्ने रकम करार सेवा शुल्क कार्यक्रमबाट बेहोर्ने गरि लागत साझेदारी गरि पारिश्रमिक भुक्तानी गर्ने।

ङ. तिनाउ गाउँपालिकाको आन्तरिक आय वृद्धी गर्ने प्रयोजनार्थ पालिका क्षेत्रभर राखिने/राखिएका साइन बोर्ड,ग्लोवार्डका लागि विज्ञापन कर संकलन गर्न इच्छुक फर्म/व्यवसायीहरुबाट न्यूनतम मूल्य रु.५१,२७५। (भ्याट बाहेक) कायम दररेट पेश गर्न ठेक्का आव्हान गर्ने निर्णय गरियो।